# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

माडी गाउँपालिका

प.सं. २०८२/०८३
च. नं. ७७२

मिति:२०८२।०९।१३

श्री यो जो जसँग सम्बन्धित छ ।

**विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना ।**

कास्की जिल्ला मादी गाउँपालिका अन्तर्गत श्री राष्ट्रज्योति माध्यमिक विद्यालय वडा नं-११, सैमराङ, कास्कीमा रिक्त रहेको माध्यमिक तह नेपाली विषयको पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको चलानी नम्बर ३७, मिति २०८२/०९/१३ गतेको पत्रमार्फत अनुरोध भइ आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूचि १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगानाः rastrajyoti81@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

२०८२/०९/१३

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री शिक्षा विकास तथा समन्वय इकाइ, कास्की ।
श्री राष्ट्रज्योति माध्यमिक विद्यालय वडा नं-११, सैमराङ, कास्की ।